<u>बागचौर नगरपालिकाबाट प्रकाशित</u>

संख्या १,स्थानीय भू-उपयोग परिषद बाट पारित मितिः२०८२/०३/०५
प्रमाणिकरण मितिः २०८२/०३/०५

बागचौर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बागचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

# भाग २

# बागचौर नगरपालिकाको भू–उपयोग क्षेत्र वर्णीकरणको सूचना-२०८२

बागचौर नगरपालिकाको भू-उपयोग कार्यविधि, २०८१

## बागचौर नगरपालिकाबाट प्रकाशित

संख्या १,स्थानीय भू-उपयोग परिषद बाट पारित मिति:२०८२/०३/०५
प्रमाणिकरण मिति: २०८२/०३/०५

# भाग २

### बागचौर नगरपालिकाको भू-उपयोग क्षेत्र वर्णीकरणको सूचना-२०८२

**भू-उपयोग नियमावली २०७९को नियम ५ उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी बागचौर नगरपालिकाको स्थानीय भू-उपयोग परिषदले आफ्नो क्षेत्राधिकार भित्रको जग्गाको भू-उपयोग क्षेत्र वर्गिकरण गरी कित्तागत विवरण सर्वसाधारणको जानकारीको लागी यो सुचना प्रकाशित गिरएको छ ।**

**आज्ञाले**

**हरि बहादुर कठायत**

**नि. प्रमुख प्रशासकिय अधिकृत**

बागचौर नगरपालिकाको भू-उपयोग कार्यविधि, २०८१

बागचौर नगरपालिका, स्थानिय भूउपयोग परिषदका प्रमुख नगर प्रमुख श्री जनकराज गौतमको अध्यक्षतामा आज मिति २०८२/०३/०५ गते बसेको बैठकले भूउपयोग बर्गिकरण सम्बन्धमा तपसिल बमोजिमको निर्णयहरु सर्वसम्मतिले पारित गरियोः

१. भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली २०७९ बमोजिम यस स्थानिय भूउपयोग परिषदबाट स्वीकृत आधार तथा मापदण्ड र क्षेत्रगत नक्सा (जोन नक्सा) को आधारमा नापी विभागको प्राविधिक सहयोगबाट तयार भएको कित्तागत विवरण पारित गरि राजपत्रमा प्रकाशन गर्ने ।

२. सुचना प्रकाशन पछि रोक्का रहेको कित्ताकाट फुकुवा गर्न नापी कार्यालय सल्यान र मालपोत कार्यालय सल्यानलाई पत्राचार गर्ने ।

३. भूउपयोग बर्गिकरण सम्बन्धि पारित आधार तथा मापदण्ड, क्षेत्रगत (जोन नक्सा) र कित्तागत विवरण भूमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रालय, भूमिव्यवस्था हेर्ने प्रदेश मन्त्रालय र नापी विभागमा पठाउने।

४. भूउपयोग सम्बन्धि थप विषयहरुलाई तपसिल बमोजिम गर्ने निर्णय गरियोः

क. कित्तागत विवरण तयार गर्दा केहि प्राविधिक त्रुटि भएको पाइएमा स्थानिय भूउपयोग परिषदबाट स्वीकृत क्षेत्रगत नक्सा(जोन नक्सा) को आधारमा नापी कार्यालयसँग समन्वय गरि भुल सुधार गर्न साकिनेछ ।

ख. फाइल नक्सा बनेको कारण, कित्तानापी डाटाको प्राविधिक त्रुटिको कारण बर्गिकरण छुट भएका कित्ताको बिबरण सुचना प्रकाशनपछि भूउपयोग परिषदबाट स्वीकृत आधार तथा मापदण्ड र क्षेत्रगत नक्सा (जोन नक्सा)को आधारमा नापी कार्यालयसँग समन्वय गरि भुल सुधार गरि पुनः सुचना प्रकाशन गर्न सकिनेछ।

ग. फाइल नक्सा बनि बर्गिकरण विवरणमा कित्ता नम्बर छुट भएका कित्ताहरुको भूउपयोग क्षेत्र बर्गिकरण गर्दा मुल कित्ता जुन क्षेत्रमा बर्गिकरण भएको छ, सोहि क्षेत्रमा बर्गिकरण भएको मानिनेछ।

घ. नक्सा सिट नम्बर तथा कित्तानापी डाटाको प्राविधिक त्रुटिको कारणले यदि कुनै कित्ता एकभन्दा बढी भूउपयोग क्षेत्रमा रहेको पाइएमा नापी कार्यालयमा समन्वय गरि स्पष्ट भइ सिफारिस दिनुपर्नेछ।

ङ. सिफारिस दिदाँ जग्गाधनि दर्ता प्रमाणपुर्जा अनुसार साविक गा वि स वडा नम्बर, सिट नम्बर र कित्तानम्बर अनुसार कित्तागत बिबरणमा रहेको वडा नम्बर, सिट नम्बर र कित्तानम्बर तिनवटै विवरण भिडाएर मात्र प्रदान गर्नुपर्नेछ ।

च. कित्तानापी डाटाको आधारमा भएको वडा सिमाना र हाल स्थानिय जनप्रतिनिधिले देखाए अनुसारको वडा सिमाना तथा तिनिहरुको विभाजनमा केहि फरक देखिएको हुदाँ सिफारिस प्रदान गर्दा सावधानिपुर्वक बुझेर मात्र दिनुपर्नेछ।

छ. जोन नक्सा तयार गर्दा प्रयोग भएको image को google earth मा जमिनमा घर रहेका तर त्रुटिका कारण जोन नक्सा र कित्तागत विवरणमा कृषि क्षेत्रमा बर्गिकरण भएका कित्ताहरु नापी कार्यालयले image अध्ययन तथा आवश्यक परेमा फिल्ड निरिक्षण गरि वडा कार्यालयको सिफारिस बमोजिम भुल सुधार गरि आवासिय क्षेत्रमा बर्गिकरण गर्न सकिनेछ ।

<u>भू- उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू २०८१</u>

<u>प्रस्तावाना :</u>

भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस बागचौर नगरपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू- उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) वमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:-**

(क) यस मापदण्डको नाम "भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू- २०८१" रहेको छ ।

(ख) यो मापदण्ड बागचौर नगर कार्यपालिकाले स्वीकृत भएको मितिबाट बागचौर नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

**२. परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

**(क)** "ऐन" भन्नाले भूउपयोग ऐन २०७६ लाई सम्झनुपर्दछ ।

**(ख)** "नियमावली" भन्नाले भूउपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ

**(ग)**"नगरपालिका" भन्नाले बागचौर नगरपालिकालाई सम्झनुपर्दछ ।

**(घ)**"कार्यपालिका" भन्नाले बागचौर नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

**(ङ)** "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित'कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ।

**(च)** "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

**(छ)**"कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन, पशु/पन्छी पालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, वागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

**(ज)** "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ।

**(झ)**"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**(ञ)**"भू-उपयोग" भन्नाले भूमिको उपयोग सम्झनु पर्छ ।

**(ट)** "भू-उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

**(ठ)** "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

**(ड)** "भू-उपयोग योजना " भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

**ढ)** "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तेल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ।

**ण)** "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ ।

**त)** "व्यावसायिक क्षेत्र " भन्नाले बैक, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

बागचौर नगरपालिकाको भू-उपयोग कार्यविधि, २०८१

**थ)** "सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ ।
**(द)** "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिँचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

**३. भू-उपयोग मापदण्ड निर्धारणका आधारहरुः**

(क) विद्यमान भू-उपयोगको अवस्था,
(ख) नापी विभागले पठाएको भू-उपयोग क्षेत्र वर्गीकरणको तथ्याँक
(ग) सडक, बाटोको पहुँच र सो को वर्गीकरण,
(घ) कृषि उत्पादन र उत्पादकत्वको अवस्था,
(ङ) भू-उपयोग ऐन २०७६,
(च) भू-उपयोग नियमावली २०७९,
(छ) Google Satellite Images,
(ज) GIS Analysis
(ठ) वडाबाट आएको राय सुझाव,
(ड) विभिन्न क्षेत्रका विज्ञहरु र सर्वदलीय, सर्वपक्षीय भेलाबाट प्राप्त राय सुझाव

**४. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु:**

**क).** जोखिम लगायत अन्य सम्वेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने ।
**ख).** यस अघि नापी विभागवाट आवासिय, व्यवसायिक र औधोगिक क्षेत्रमा विभाजन भएको जग्गालाई सोही क्षेत्रमा वर्गीकरण गर्ने, तर नगरपालिकाको आवश्यकता र उपर्युक्त देखेमा आवासिय क्षेत्रलाई यस मापदण्डको अधिनमा रही व्यवसायिक क्षेत्रमा अध्यावधिक गर्न सकिने छ ।
**ग).** नगरपालिकाले नदी उकासबाट आएको जमिनमा सार्वजनिक सडक, ढल, उद्यान बाहेक कुनै संरचना निर्माण गर्न दिनु हुदैन। नदी उकासबाट आएको क्षेत्र स्वतः हरित क्षेत्र घोषणा हुने गर्दछ र उक्त क्षेत्रमा वनस्पति विभाग वा बन मन्त्रालयले सिफारिस गरे अनुसारका बोट विरुवा रोपी हरियाली कायम गर्नु पर्दछ ।
**घ)** वर्गीकरण गरी तयार गरिएको नक्सामा व्यक्तीका कित्ता लाई बनजनियको भएतापनि त्यस्ता कित्ताहरुलाई कृषि क्षेत्रको जग्गामा कायम गर्ने ।

**५. सार्वजनिक उपयोगको क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ ज. मा व्यवस्था भएका क्षेत्र
- सरकारी, सार्वजनिक तथा समुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कायालर्यहरु बाहेक) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने ।

**६. नदी, खोला, ताल, सीमसार क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ छ. मा व्यवस्था भएका क्षेत्र ।
- हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

**७. खानी तथा खनिज क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ ङ. मा व्यवस्था भएका क्षेत्र ।
- स्थानीय तहबाट स्वीकृति प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

**८. वन क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ च. मा व्यवस्था भएका क्षेत्र
- हाल कायम सबै किसिमका वन पैदावार क्षेत्र (धार्मिक, निजी जग्गामा भएको बाहेक) लाई वन वर्गीकरण गर्ने ।

**९. सांस्कृतिक तथा पुरातात्त्विक महत्वको क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ झ. मा व्यवस्था भएका क्षेत्र
- हाल उपयोगमा रहेको मठ, मन्दिर ,मस्जित ,गुम्बा ,चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको खाली जग्गा परापुर्व काल देखीका ऐतिहासिक धरोहर साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र ।

**१०. औद्योगिक क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ घ. मा व्यवस्था भएका क्षेत्र ।
- गाउँपालिका भित्र संचालनमा रहेका उधोग र औधोगिक ग्राम क्षेत्रलाई यस क्षेत्रमा वर्गिकरण गर्ने ।

**११. व्यवसायिक क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ ग. मा व्यवस्था भएका क्षेत्र ।
- हाल उपयोगमा रहेका आवासिय भवन व्यापारिक भवन जस्तैः- पसल, बैँक तथा बित्तिय संस्था, होटल, रेष्टुरा ,चमेना गृह, व्यवसायिक प्रयोजनका लागी उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी कार्यालयले चर्चेको खाली जग्गा, निजि अस्पताल, बिधालय क्षेत्रहरु ।

**१२. कृषि क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ क. मा व्यवस्था भएका क्षेत्र ।
- कृषि क्षेत्र भन्नाले कृषि बाली उत्पादन पशु/पन्छी पालन फार्महाउस मत्स्यपालन माहुरीपालन रेसम खेती लगायतका कृषिजन्य उत्पादन वागवानी वा वनबाटिका जडिबुटी र कृषि वनको लागी प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

**१३. आवासिय क्षेत्र**

- भूउपयोग नियमावली २०७९ को अनुसुची-१ ख. मा व्यवस्था भएका क्षेत्र ।
- हाल उपयोगमा रहेको सम्पुर्ण आवासिय क्षेत्रको जग्गा ।

बागचौर नगरपालिकाको भू-उपयोग कार्यविधि, २०८१

**१४. माथि उल्लेख भए बमोजिमका अलवा बागचौर  नगरपालिका मा रहेका तपसिल बमोजिमका क्षेत्रहरुलाई देहाए बमोजिम क्षेत्रमा वर्गीकरण गर्ने:-**

## वडा नं..१

**क. औधोगिक क्षेत्र**

उल्लेखित वडामा कुनै पनि ओधोगिक क्षेत्र नभएको ।

**ख. खानी तथा खनिज क्षेत्र**

उल्लेखित वडामा कुनैपनि खानी तथा खनिज क्षेत्र नभएको ।

**ग. सास्कृतिक तथा पुरातात्विक महत्वको  क्षेत्र**

महादेव मन्दिर स्याउली बजार, मोष्ठ कुल देवता मन्दिर धारापानी, मोष्ठ मन्दिर सल्लाह टाकुरा, दोकान टाकुरा मन्दिर, महादेव मन्दिर हुर्केचौर , महादेव मन्दिर सिमल्बोट

**घ. नदि खोला ताल सिमसर क्षेत्र**

कोटबेत लिफ्ट खानेपानी योजना

**ङ. वन क्षेत्र**

महादेव सामुदायिक बन ,लालिगुराँस सामुदायिक बन, टाट्केचौर सामुदायिक बन

**च. सार्वजनिक उपयोगका क्षेत्र**

श्री सरस्वती शारदा आधारभुत विघालय बाहुनीगाउँ , महादेव आधारभुत विघालय कोटबेत,त्रिवेणी आधारभुत विघालय गैराबेत, न्यायघाट आधारभुत विघालय रोटेपानी  कोल्बेत, तुसारेखोलाघाट सुल्तिमारे, आमासमुह भवन बजारपाटा, काराचौर प्रतिक्षालय, वडा नं. १ कार्यालय ,महादेव सामुदायिक वन भवन, महादेव स्वास्थ्य आमासमुह नेटाखला, ढाडाचौर घाट, लालीगुरास सामुदायिक वन भवन

**छ. व्यवसायिक क्षेत्र**

उल्लेखित वडामा कुनैपनि व्यवसायिक क्षेत्र नभएको ।

**ज. कृषि क्षेत्र**

उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र

**झ. आवासिय क्षेत्र**

| क्र स | सडकको नाम | बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा | कैफियत |
|---|---|---|---|
| १ | वडा न १ र सिद्ध कुमाख गाउपालिकाको  सिमानादेखि ठिमरङ खोला पुल (वडा न १ र २ को  सिमाना) सम्मको  सडक | १०० | |
| २ | सहिद रिङ्गरोड सुरुवाती स्थान बरारुख    देखि गैराबेत, बजारपाटा -धारापानी-ज्यामिरेबोट चौपारी -दुवाचोक हुँदै कोटबेत (महादेव आधारभुत विघालय नजिक) सम्मको सडक | ५० | |
| ३ | बिसौनी (कोटबेत) देखि गंगाचोक(दिनेशको  घर नजिक) -बाहुनगाउँ चोक हुँदै सिरसेनि बिसौ ना( पिपलबोट) सम्मको  सडक | ५० | |
| ४ | बाहुन गाउ चोक देखि चारखोला , रातामाटा हुँदै धारीखोला चोकसम्मको   सडक | ५० | |
| ५ | चारखोला रातामाटा देखि ठिनपाङ पिपलबोट सम्मको सडक | ३० | |

| | | | |
|---|---|---|---|
| ६ | काराचौर देखि दोवाटो कटेज सम्मको सडक | ५० | |
| ७ | काराचौर देखि धारी खोला चोक सम्मको सडक | ५० | |
| ८ | गंगाचोक(दिनेशको घर नजिक) देखि धारी खोला चोक सम्मको सडक | ३० | |
| ९ | ज्यमिर बोट देखि ढाडागाउँ सम्मको सडक | ५० | |
| १० | ज्यमिर बोट देखि ढयाप चोक , ढयाप चक्र को घर नजिक हुदै स्यौली बजार घुम्ती सम्मको सडक | ५० | |
| ११ | बजारपाटा देखि ढयाप चोक (ढयाप चक्र को घर नजिक ) सम्मको सडक | ५० | |
| १२ | गुहें छेर्ने देखि नाउला गाउँ ( शुशिल को घर ) सम्म को सडक | ५० | |
| १३ | धारापानी देखि सिमाना बजार सम्मको सडक | ५० | |

## वडा नं..२

| |
|---|
| क. **औधोगिक क्षेत्र** |
| उल्लेखित यस वडामा कुनै पनि औधोगिक क्षेत्र नभएको |
| ख. **बन क्षेत्र** |
| डिम्मुरे खोलि सामुदायिक बन, चोर्थेखोलि सामुदायिक बन, कोपखाने सामुदायिक बन, चरिगाउ सामुदायिक बन, चरिगाउ सामुदायिक बन, अग्ला टाकुरा सामुदायिक बन खण्ड 'क', अग्ला टाकुरा सामुदायिक बन खण्ड 'ख', वागवस्ती सामुदायिक बन, देउराली भिर सामुदायिक बन, जिमाली चौर सामुदायिक बन |
| ग. **नदी खोला ताल सिम्सार क्षेत्र** |
| घ. **खानी तथा खनिज क्षेत्र** |
| उल्लेखित यस वडामा कुनैपनि खानी तथा खनिज क्षेत्र नरहेको |
| ङ. **सार्वजनिक उपयोगको क्षेत्र** |
| जनकल्याण क्याम्पस, जनकल्याण क्याम्पस नमुना विद्यालय, बुद्ध आधारभूत विद्यालय चयालगाऊ, त्रिवेणी आधारभूत बिद्यालय ठतीचौर, त्रिवेणी आधारभूत बिद्यालय ठतीचौर, मा. वि. लस्तम बानियाचौर, श्री भानुभक्त आधारभूत विद्यालय, भानुभक्त जागृति आधारभूत विद्यालय तल्लो चिल्ढले, भानुभक्त आधारभूत विद्यालय तल्लो चिल्ढले, गणेश प्रा. वि. बडाचौर |
| पूर्व गाबिस भवन, वडा २ कार्यालको जग्गा, इलाका प्रहरी कार्यालय, सव-डिभिजन वन कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत नगर स्वास्थ्य केन्द्र, बागचौर पार्क, कृषि उपच संकलन केन्द्र, बागचौर बसपार्क बागचौर नगरपालिका कार्यालय भवन, सेवा केन्द्र बागचौर, नगरस्तरिय खेल मैदान, अग्ला टाकुरा भीउ टावोर लस्तम, अग्ला टाकुरा सामुदायिक बन कार्यालय भवन, वोड़ा न २ को कार्यालय, न्यायघाट थारमारे, रानिसल्ला मसानघाट खरिबोट, मसानघाट बडाचौर, गाउघर क्लिनिक माथिल्लो चिल्ढले |
| च. **सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| दुर्गा भगवती गुठि, बोहोरा कुल मन्दिर, महादेव मन्दिर, बग्येश्वरि मन्दिर, दुर्गा भगवती मन्दिर लास्टम, लस्तम बर्माथान मन्दिर, पित्र थान मन्दिर, जिउला मन्दिर झाक्री नेटा, लस्तम जिउला साई कुमारी जिउला मन्दिर, त्रिवेणी शिवधाम मन्दिर फर्साबोट, भगवती मन्दिर जारमारे, मष्टा मन्दिर माथिल्लो चिल्ढले, दारेमष्ट मन्दिर गैराटोल, वग्गेश्वरि मन्दिर तल्लो चिल्ढले, ठहराई खत्री कुल मन्दिर बागचौर |
| छ. **कृषि क्षेत्र** |
| उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र |
| ज. **व्यवसायिक क्षेत्र** |

बागचौर नगरपालिकाको भू-उपयोग को... २०७९

| |
|---|
| ठिङ्गवाङ खोला पुलदेखि वडा नं. २ र ३ को सिमानासम्म (सेरेचौर) राप्ती राजमार्गको दायाँबायाँ १५० मिटर। |
| थारमारे बजारदेखि प्राथमिक स्वास्थ्य केन्द्र थारमारे (बोहरा गाउँ)सम्म सडकको दायाँबायाँ १०० मिटर। |
| थारमारे  क्याम्पस रोड (चोकदेखि) जनकल्याण क्याम्पस गेटसम्म सडकको दायाँबायाँ १५० मिटर। |
| भण्डारी चोकदेखि पावर स्टेसनसम्म सडकको दायाँबायाँ १०० मिटर |
| बसपार्क चोकदेखि डम्पिङ साइड हुँदै ठिङ्गवाङ खोला पुलसम्म सडकको दायाँबायाँ १०० मिटर |

**झ. आवासिय क्षेत्र**

| क्र स | सडकको नाम | बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक स्वास्थ्य केन्द्र थारमारे (बोहरा गाउँ) देखि वडा नं. २ र ३ को सिमानासम्म सडकको | १०० | |
| २ | हस्पिटल रोड (घर्ति गाउँचोक)देखि बोहरा गाउँसम्म सडकको | ५० | |
| ३ | प्रहरी बिट थारमारे देखि वुर्स्याखोली  खोली हुँदै चिउरे  खोलीसम्म सडकको | ८० | |
| ४ | वुर्स्याखोली देखि चिलढालेसम्म सडकको | ३० | |
| ५ | छहारे  खेतदेखि दलित बस्ती लामाडाँडासम्म सडकको | ३० | |
| ६ | मिलनडाँडा चोकदेखि चुक्ता बजार हुँदै वडा नं. २ र ३ को सिमानासम्म सडकको | १०० | |
| ७ | चुक्ता बजारदेखि चियाल गाउँसम्म सडकको | ५० | |
| ८ | लस्तम टाकुरा देखि लस्तम पिपल बोट हुँदै वडा नं. २ र ३ को सिमानासम्म सडकको | १५० | |
| ९ | लस्तम पिपलबोट देखि चिसीखोली हुँदै जोगिनघारे सडकको | १५० | |
| १० | बागचौर कोटमौला  सडक (वागढुङ्गा) आग्रेखोला हुँदै झाँक्रीनेटा मन्दिर सम्म सडकको | १५० | |
| ११ | २ नं. वडा कार्यालयदेखि काफलगैरी सम्म सडकको | १०० | |
| १२ | काफल गैरी देखि त्रिवेणी कटेजसम्म सडकको | १०० | |
| १३ | काफल गैरीदेखि लस्तम पिपलबोटसम्म सडकको | १०० | |
| १४ | फर्साबोट  चोकदेखि गैंराघार हुँदै दलित बस्ती (वडा नं. २ र ३ को सिमानासम्म) सडकको | १५० | |
| १५ | खरीबोट पाण्डल खोला पुलदेखि तल्लो चिल्ढाले  सेराचौर काट्टोखाने  हुँदै बडाचौर (वडा नं. २ र ५ को सिमानासम्म) सडकको | १५० | |
| १६ | तल्लो चिल्ढालेदेखि गतेरी छेर्ना, भानुभक्त आ. वि. हुँदै पाण्डल टाट्क्या  (इट्टाभट्टा नजिक) सम्म  सडकको | १५० | |
| १७ | डाँगीचोक देखि सेताडाँडा सम्म सडकको | १०० | |
| १८ | बुढाथोकी चोक देखि सेराचौर  जाने बाटोसम्म सडकको | ५० | |
| १९ | ओलीचोक वडाचौर देखि मानटाकुरासम्म सडकको | ८० | |
| २० | मानटाकुरा देखि वडाचौर वडा नं. २ र ५ को सिमानासम्म सडकको | १०० | |
| २१ | जारमारे (वडा नं.. २ र ५ को सिमाना) देखि भगवती मन्दिर, जुकेपानी हुँदै जर्सिङचोक सम्म सडकको | १०० | |
| २२ | तल्लो चिलढाले देखि वडा नं.. २ र ८ को सिमानासम्म सडकको | ५० | |
| २३ | मेन्डीचोक (लस्तम जिउला) ठाँटीचौर हुँदै पावरहाउस  सब-स्टेसनसम्म सडकको | ८० | |
| २४ | डाँगीचोक बागचौर देखि चोराल गाउँ सडकको | १०० | |

## वडा नं..3

**क. औधोगिक क्षेत्र**

उल्लेखित वडामा कुनै पनि औधोगिक क्षेत्र नरहेको

**ख. वन क्षेत्र**

स्यालगैरा पेटारोपाखा सामुदायिक वन (खण्ड १ र २), सिद्धबाबा सामुदायिक वन (खण्ड १ र २), डण्डुखोला सामुदायिक वन, श्री नौलो शान्ति सामुदायिक वन, थाराचौर कबुलियति वन, भगवती सामुदायिक वन (खण्ड १ र २), नयाँ बस्ती वन क्षेत्र, चारखोला सामुदायिक वन (खण्ड १ र २), सवारीवस्ती कबुलियति सामुदायिक वन, प्रगतिशील सामुदायिक वन (खण्ड १ र २ ), हिमदर्शन कबुलियति वन, सिद्ध चौरासी कबुलियति वन

**ग. खानी तथा खनिज क्षेत्र**

उल्लेखित वडामा कुनै पनि खानी तथा खनिज क्षेत्र नभएको

**घ. नदी खोला ताल सिमसार क्षेत्र**

**ङ. साँस्कृतिक तथा पुरातात्विक क्षेत्र**

दारे बराह मन्दिर, बाह्रकुने बराह मन्दिर, टल्कु डि.सी. सहित पार्क, पूर्व पुज्रे मन्दिर पुतलीबास, मोष्ठ मन्दिर पुतलीबास, बराह पुज्रे मन्दिर फल्टेखोला, बगेश्वरी मन्दिर रारेचौर सुवाकोटी मन्दिर खाली, मोष्ठमकाल मन्दिर खाली गाउँ पिपलनेटा, मोष्ठ पूजा मन्दिर नुवागाउँ, बगेश्वरी कुलदेवता मन्दिर सोतागार

**च. सार्वजनिक उपयोगका क्षेत्र**

प्रगति आ.वि.चौखेढुङ्गा, विजय आ.वि. खाली गाउँ, शान्तिआबी रातपहरा, अमर ज्योति मा.वि. चोरपानी, जय शान्ति आ.वि., नयाँ बस्ती प्रतिक्षालय, पिपल चौतारा गोर्नेटा, वडा नं.. ३ को कार्यालय, डण्डुखोला सामुदायिक वन भवन, चारखोला सामुदायिक वन भवन, नौलो शान्ति सुरक्षा सामुदायिक वन भवन, खोप केन्द्र पुतलीबास, स्यलागैरा पटेरीपाखा सामुदायिक वन भवन, चोरपानी

**छ. व्यवसायिक क्षेत्र**

रारेचौर (वडा नं. ३ र २ को सिमाना) र राप्ती राजमार्ग अन्तर्गत पर्ने तेर्छे काफल (वडा नं. ३ र ५ सिमानासम्म) सडकको दायाँबायाँ १०० मिटर

गोर्नेटा देखि मेला लाग्ने (खाली गाउँ) सम्म सडकखण्डको दायाँबायाँ ५० मिटर

**ज. कृषि क्षेत्र**

उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र

**झ. आवासिय क्षेत्र**

| क्र स | सडकको नाम | बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा | कैफियत |
|---|---|---|---|
| १ | गोर्नेटा देखि धारेखोला आरीचौर हुँदै नुवागाउँ (वडा नं. ३ र दार्मा गाउँपालिकाको सिमाना) सम्म सडकको | ३० | |
| २ | लस्तुम (दलित टोल) देखि चौकेढुङ्गा चोकसम्म सडकको | ३० | |
| ३ | रारेचौर बजार चोक हुँदै चौकेढुङ्गा चोक तिमिल्या (वडा नं. ३ र ५ को सिमाना) सडकको | ३० | |
| ४ | बर्मा थान (देवता थान) देखि जिन्दा टोलसम्म सडकको | ३० | |
| ५ | सिमखोला (तिमिल्या चौर) देखि साहुगाउँ सम्म सडक खण्डको | ३० | |

| | | | |
|---|---|---|---|
| ६ | लाटीगार पिपलकोट देखि सेतागारा गाउँ हुँदै गोरेटासम्म सडक खण्डको | ३० | |
| ७ | सेतागार पिपलवोट (पोखर डाँगीको घर नजिक) देखि छेलो खेल्नेसम्म सडक खण्डको | ३० | |
| ८ | लस्तम (दलित टोल) देखि जोगिनघारे गाउँसम्म सडक खण्डको | ३० | |
| ९ | लाटिघार पिपल बोट देखि थाराचौर वर पिपल हुँदै चखाला  शिवपुञ्ज्रे सम्म सडक खण्डको | ३० | |
| १० | थाराचौर देखि ढोरपानीसम्म सडक खण्डको | ३० | |
| ११ | ठूला खोला देखि दोबाटो कटेज सम्म सडक खण्डको | ३० | |
| १२ | गाउँका पोखरीदेखि ढोरेनीसम्म सडकखण्डको | ३० | |
| १३ | ढोरेनीदेखि जुंगे  खोली हुँदै थारेघर सम्म सडक खण्डको | ३० | |
| १४ | अमर ज्योति मा. वि. चोरपानीदेखि पोखरा गैरासम्म सडकखण्डको | ३० | |
| १५ | पुतलीवास नेटादेखि छेवाघर सम्म सडक खण्डको | ३० | |
| १६ | कुलपुजाई मन्दिरदेखि ढारेपट्टि (नयाँ बस्ती) सम्म सडकको | ३० | |
| १७ | धारे खोला देखि भागावारी हुँदै पातला खोलासम्म सडकखण्डको | ३० | |

## वडा नं.४

| |
|---|
| क. **औधोगिक क्षेत्र** |
| उल्लेखित यस वडामा कुनै पनि औधोगिक क्षेत्र नभएको |
| ख. **बन क्षेत्र** |
| मुलखोला सामुदायिक वन, बोक्सीखोला वन,हिउदेखोला को टरनेटा सामुदायिक वन,शारदा मुहान सामुदायिक वन, शारदा सामुदायिक वन |
| ग. **नदी खोला ताल सिम्सार क्षेत्र** |
| उल्लेखित यस वडामा कुनैपनि  नदी खोला ताल सिम्सार क्षेत्र |
| घ. **खानी तथा खनिज क्षेत्र** |
| उल्लेखित यस वडामा कुनैपनि खानी तथा खनिज क्षेत्र नरहेको |
| ङ. **सार्वजनिक उपयोगको क्षेत्र** |
| श्री सरस्वती मा.वि.,श्री शिशुकल्याण आ.वि,श्री सिद्घार्थ आ वि काफलडाडा,श्री भगवती आ.वि. , श्री जनता आ.वि., शिवरथ स्वास्थ्य चाौकी, सुवेदीखोली अन्त्यष्टि स्थल, पिपल चाौतारी, को मलथरी चाौपारी, वन |
| च. **सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| प्रशंसा मण्डली,मस्य कुल मन्दिर,मस्ट बराह कुवा घर्निगाउ,मस्टबराह मन्दिर डाडागाउ,मस्ये बम्वेलगाउ, शिव मन्दिर,माई भगवती मन्दिर,शामलेख बराह मन्दिर,वराहपुञ्ज्रे पैयाडाडा,दकेमाई मन्दिर,शिलाखोली भगवती मन्दिर,भगवती मन्दिर चाौतारा,मारही कुल देवता मन्दिर, प्रशंसा मण्डली झाक्रीदेरा |
| छ. **कृषि क्षेत्र** |
| उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र |
| ज. **व्यवसायिक क्षेत्र** |
| राउटेखोला देखि रादेसुवार(धौलिविरिया सम्म) सडकखण्डको  दायाँबायाँ १०० मिटर |
| भगवती मन्दिर सिमखोली बजारसम्म सडक खण्डको  दायाँबायाँ ६० मिटर |
| सिमखोली देखि खोरबारे सडकको  दायाँबायाँ ६० मिटर, कार्यालय वडा नं ४ |
| झ. **आवासिय क्षेत्र** |

| क्र स | सडकको नाम | बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय रहेको भवनको | ३५० | |
| २ | रावेसुवार र (धालाविरया मिल नजिक)देखि सिमाखोली (भगवती मन्दिर सम्म) सडक | ८० | |
| ३ | सिमाखोली वजारदेखि सेतीगुरास सम्म सडक | १५० | |
| ४ | सेतीगुरास देखि जलेखर्क सडक खण्ड | १०० | |
| ५ | जलेखर्क देखि वडा नं ४ र रुकुम पश्चिम को सिमाना सडक | १०० | |
| ६ | सेतीगुरास देखि दार्मा गाउपालिका र वडा नं ४ को सिमाना सडक खण्ड | १०० | |
| ७ | ठाटी देखि सिमखोली बजार सम्म | ५० | |
| ८ | खाेरबारे देखि वडा नं १२ को सिमाना सडक खण्ड | १०० | |
| ९ | खाेरबारे बजार देखि वासा खाेला सम्म सडक | ५० | |
| १० | पेदीखाेला चाेक देखि रानिघारी सडक | ८० | |
| ११ | नमुना वस्ती चाेकदेखि वडा नं ६ को सिमाना सडक | १०० | |
| १२ | राउटेखाेला देखि वडा नं ५ को सिमाना सडक | ५० | |
| १३ | को यलघारी चाैतारी देखि शारदाखाेला सिमानासम्म सडक | ७० | |
| १४ | शारदाखाेला सिमाना देखि वडा नं ६ को सिमाना (छारे ओडार ) सम्म सडक | ५० | |
| १५ | जलेखर्क चाेक देखि पैयाडाडा सडक | ५० | |
| १६ | मुलखाेला चाेकदेखि भिरगाउ सम्म सडक | ८० | |

## वडा नं.५

| |
|---|
| **ञ. औधोगिक क्षेत्र** |
| उल्लेखित वडामा कुनै पनि औधोगिक क्षेत्र नरहेको |
| **ख.वन क्षेत्र** |
| त्रिवेणी सामुदायिक वन,हिमाली सामुदायिक वन,खैरेनी सामुदायिक वन,साल सलपारी सामुदायिक वन |
| **ट. खानी तथा खनिज क्षेत्र** |
| उल्लेखित वडामा कुनै पनि खानी तथा खनिज क्षेत्र नभएको |
| **ठ. नदी खोला ताल सिमसार क्षेत्र** |
| धारापानी पानी मुहान धारा,अन्य सामुदायिक खोलानालाहरू |
| **ड. साँस्कृतिक तथा पुरातात्विक क्षेत्र** |
| खडक भगवती मन्दिर (कोटघर),बराह टाकुरा शिव मन्दिर,सिद्धबाबा मन्दिर बाहुलाखुरी,भण्डारी युवाकोटी मन्दिर लाकुटी डोग, कालिका देवी मन्दिर रावतगाउँ,भगवती दुर्गा मन्दिर बबत गाउँ,खप्तरी बस्नेत कुलमन्दिर खैरेनी पाखा, खप्तरी बस्नेत कुलमन्दिर देउरालिपाखा, बराहकुल मन्दिर, चिप्ले शिवगुफा मन्दिर,बराहकुल मन्दिर बाहुनथाना, सुरउ देवता मन्दिर माडडेरा, सुरउ देवता मन्दिर (कारागाउँ),मनिगोर भगवती मन्दिर,रबजीमस्ट कुल मन्दिर (धारापानी) |
| **ढ. सार्वजनिक उपयोगका क्षेत्र** |

राष्ट्रिय आधारभूत विद्यालय बयलडाँडा, सिल नेट पिपल चौतारा ठाकुरगाउँ,पिपल चौतारा खुवौला,मनग्यारे पोखरी, इलाका प्रहरी कार्यालय,जनसेवा आधारभूत विद्यालय दारीमबोट,वडा नम्बर ५ को वडा कार्यालय, शिशुदीप आधारभूत विद्यालय कारागाउँ,शारदा आधारभूत विद्यालय खत्रीगाउँ,हरियाली आधारभूत विद्यालय पोखरी डाडा धारापानी ,बाहुन थाना खेलमैदान,आधारभूत स्वास्थ्य केन्द्र बाहुनथाना, श्री महेन्द्र जनता आधारभूत विद्यालय (रारेचौर), सहिद भरत स्मृति माध्यमिक विद्यालय (सिर्पा), ब्याडमिन्टन कबर्ड हल चिप्लेडाँडा, फोहोर व्यवस्थापन केन्द्र,दुवाली गोरा

ण. **व्यवसायिक क्षेत्र**

खोप्याखोला (वडा नम्बर ४ र ५) को सिमानादेखि बाहुनथान चोकसम्म राप्ती राजमार्ग सडक खण्डको दायाँबायाँ १५०/१५० मिटर, शारदा सिरक डसना उद्योग, बोडलाखुरी बजार बसपार्क, बस्नेत अर्गानिक मिल

त. **कृषि क्षेत्र**

उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र

थ. **आवासिय क्षेत्र**

| क्र स | सडकको नाम | बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा | कैफियत |
|---|---|---|---|
| १ | बाहुनथान चोकदेखि रारेचौर (वडा नं ३ र ५)को सिमाना सडक खण्ड | १५० | |
| २ | बौलाखुरी पृथ्वीचोक नजिकबाट हुँदै पिप्लेलेक सडकखण्ड | ३० | |
| ३ | बाउलाखुरीबाट सेतेडाँडा हुँदै सुलिहाले(वडा नम्बर ५ र दार्मा गाउँपालिकाको सिमाना) सडक खण्ड | ५० | |
| ४ | सेतेडाँडा सिस्नेखोला मागडेरा हुँदै रारेचौरसम्म सडकखण्ड | ५० | |
| ५ | बाहुनथाना चोकदेखि सिस्नेखोला चोक हुँदै पारिवन(वडा नम्बर ३ र ५ को सिमाना)सडक खण्ड | ५० | |
| ६ | बाउलाखुरी शारदा सिरक डसना उद्योगदेखि पुवा खोला हुँदै वडा नम्बर ५ र वडा नम्बर ४ को सिमानासम्म सडक | ५० | |
| ७ | पेदीखोला (वडा नम्बर ४ र ५ को सिमाना) देखि वडाचौर वडा नम्बर ५ र वडा नम्बर २ को सिमानासम्म सडक खण्ड | ५० | |
| ८ | नाउला चोक देखि खत्री गाउँ ठाकुर गाउँ हुँदै राप्ती राजमार्गसम्मको सडक | ५० | |
| ९ | ठाकुर गाउँ हुँदै जारमोर गाउँ हुदै वडा नम्बर ५ र वडा नम्बर २ सम्मको सिमानाको सडक | ३० | |
| १० | ठाकुर गाउँ हुँदै कोटघर मन्दिर हुँदै राप्ती राजमार्गसँग जोडिएको सडक खण्डसम्म ममताको जोड्ने सडक | ३० | |

## वडा नं.६

क. **ओधोगिक क्षेत्र**

उल्लेखित वडामा कुनै पनि ओधोगिक क्षेत्र नभएको ।

ख. **बन क्षेत्र**

सिद्धेश्वरी सामुदायिक वन (खण्ड क ख ग घ ङ),सल्लेरी पाखा वन

ग. **खानी तथा खनिज क्षेत्र**

उल्लेखित वडामा कुनैपनि खानी तथा खनिज क्षेत्र नभएको ।

**घ. नदी खोला तथा सिम्सार क्षेत्र**

उल्लेखित वडामा कुनैपनि नदी खोला तथा सिम्सार क्षेत्र नभएको

**ङ. सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र**

ओलि जातिको उद्गमस्थल मन्दिर, चेरोङकोट (राजा बसेको चेरोङकोट), भार ढुङ्गा (टाटाको खोला), माई भगवती मन्दिर (सानाहिम), भगवती मन्दिर (ठुलाहिम), माई भगवती मन्दिर (ठुलाहिम पल्लो गाउँ) ,भगवती मन्दिर सिमखोला, शिव मन्दिर (ठूलापोखरा) माई भगवती (ठूलापोखरा), भगवती मन्दिर (बाङतिरे), बाङतिरे खुकुरे बर्मा मन्दिर,देउराली डाँडा मन्दिर(नवीन भवानी स्कुलको नजिक), थोलाबोट बर्माथान (थोलाबोटगाउँ ) ,बर्माथन (ठूलाहीम),रानेका भगवती मन्दिर

**च. सार्वजनिक उपयोगका क्षेत्र**

,छितिखेल्ने खेलमैदान,सरस्वती मावि जामुनेचौर,हिमचौर पिपलबोट सहित पार्क,नवीन भवानी आ.वि., जामुने चौर आधारभूत स्वास्थ्य चौकी,सिद्धार्थ आ.वि., शिशु जागरण आ.वि., चेरिङ्ग खेलमैदान,मछुरे मसानघाट,हिमचौर मसानघाट

**छ. व्यवसायिक क्षेत्र**

हिमचौर (भल फाल्ने) देखि हिमचौर (पिउनको घरसम्म) ५० मिटर बाटोको दायाँबायाँ,छिति खेल्नेदेखि नाउला (वडा कार्यालय जाने बाटो)५० मिटर बाटोको दायाँबायाँ, कुकुरगाडे खोलादेखि ठूलाहिम दलित टोलसम्म ५० मिटर बाटोको दायाँबायाँ, वडा नम्बर ६ को वडा कार्यालय

**ज. कृषि क्षेत्र**

उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र

**झ. आवासिय क्षेत्र**

| क्र स | सडकको नाम | बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा | कैफियत |
|---|---|---|---|
| १ | वडा नम्बर ५ को सिमानादेखि हिमचौर भल फाल्ने सडक खण्ड | ५० | |
| २ | हिमचौर पिउनको घरदेखि हिमचौरदेघि दह खोलासम्मको सडक | १०० | |
| ३ | नाउला वडा कार्यालय जाने बाटोदेखि कुकुरघारी खोला (सरस्वती मावि नजिक)सम्मको सडक | १०० | |
| ४ | ठूला हिम दलित बस्तीदेखि ढुङ्गेटाकुरी खोलासम्मको सडक | ५० | |
| ५ | देउराली डाँडादेखि नवीन भवानी चोक(देउराली डाँडा) सम्म सडक | ५० | |
| ६ | नवीन भवानी चोक देउराली डाँडादेखि पाथीहाल्ना बजार क्षेत्रसम्मको सडक | ५० | |
| ७ | पाथी हाल्ना बजारदेखि मेल्टा (महरगाउँ) सम्मको सडक | ५० | |
| ८ | दुधिला बोट देखि डल्लेरी डाँडागाउँसम्मको सडक | ५० | |
| ९ | गौरो फाल्ने(स्वास्थ्य चौकी नजिक) देखि शिशु जागरण विद्यालयसम्मको सडक | ५० | |
| १० | छित्ती खेल्ने खेलमैदानदेखि रातामाटा सडक | ७५ | |
| ११ | खलाघरदेखि रातामाटासम्म सडक | ५० | |
| १२ | हिमचौर पिउनको घरदेखि गोटेघर्की सम्म सडक | ७५ | |
| १३ | धाराकान्लो देखि वचन घरसम्मको सडक | ७५ | |
| १४ | वडा कार्यालयमाथि चोकदेखि पेटारीपोखासम्मको सडक | ५० | |

## वडा नं.७

**क. औधोगिक क्षेत्र**

उल्लेखित वडामा कुनै पनि ओधोगिक क्षेत्र नभएको ।

**ख. खानी तथा खनिज क्षेत्र**

उल्लेखित वडामा कुनैपनि खानी तथा खनिज क्षेत्र नभएको ।

**ग. सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र**

ढुङ्गेछाप कुल पूजा मन्दिर,बागेश्वरी मन्दिर गाँडाकोट,भगवती मन्दिर दर्का, साना गाडाकोट शिव मन्दिर, १२ कुने बराहा मन्दिर,देउलीथान मन्दिर देउलीबोट,भण्डारी सुवाकोटी कुल पूजा मन्दिर, खड्का पयरे पुज्ने मन्दिर, देवीस्थान मन्दिर कोटवारा,शिवमन्दिर दहगाउँ,धार्नी गाउँ बराहकुलमन्दिर ,भगवती मन्दिर गोफ्लेचौर

**घ. नदि खोला ताल सिमसर क्षेत्र**

सिँचाइपोखरी कोटवारा ,

**ङ. वन क्षेत्र**

राजागिरी सामुदायिक वन,चन्दन सामुदायिक वन,ऐसेलु सामुदायिक वन,झाँक्रीखोला सामुदायिक वन रंचेगैरा सामुदायिक वन,रिठाचौर सामुदायिक वन,धाराखोला सामुदायिक वन,घैरेनी चिसापानी सामुदायिक वन,हरियाली सामुदायिक वन,शारदा सामुदायिक वन

**च. सार्वजनिक उपयोगका क्षेत्र**

श्री बालकन्या मावि टोटके,अस्थायी प्रहरी चौकी टोटके,कोटवारा स्वास्थ्य चौकी टोटके,पशु सेवा केन्द्र कोटवारा टोटके,श्री भुवनेश्वर आधारभूत विद्यालय साना गाडाकोट,टाटाबोट प्रतिक्षालय सानागाडाकोट,पानीपोखरी खेलमैदान सानागाडाकोट, श्री बाल उपकार आवासीय विद्यालय सानापोखरा,श्री बालकन्या आवासीय विद्यालय कोदालचौर,गाउँघर क्लिनिक कोदालचौर, बालबोध आवासीय विद्यालय कोटवारा, कोटवारा प्रतीक्षालय कोटवारा ,गाउँघर क्लिनिक कोटवारा,जनचेतना आधारभूत विद्यालय,त्रिवेणी आधारभूत विद्यालय रामचौर, भूचुङ्गे डाँडाघाट

**छ. व्यवसायिक क्षेत्र**

शारदा साना किसान सहकारी संस्था कोटवारा टाटके सल्यान,वडा नम्बर २ र ७ को सिमाना शारदा खोलादेखि स्वास्थ्य चौकी जाने चोकसम्मको सडक दायाँबायाँ ५० मिटर, दुईघाट-दोभान (मसानघाट) को नजिकदेखि वडा नम्बर ७ को कार्यालय जाने बाटो (चोक) सम्म सडकको दायाँबायाँ ५० मिटर, वडा नम्बर ७ को कार्यालय

**ज. कृषि क्षेत्र**

उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र

**झ. आवासिय क्षेत्र**

| क्र स | सडकको नाम | बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा | कैफियत |
|---|---|---|---|
| १ | वडा नम्बर २ को कार्यालयदेखि खाडेखोलासम्म सडकखण्ड | ५० | |
| २ | स्वास्थ्य चौकीचोकदेखि मेल्टा सडक खण्डको सिमाना | ५० | |
| ३ | स्वास्थ्य चौकी टाड्केदेखि गैरी छिर्नेसम्मको सडक खण्ड | २५ | |
| ४ | गैरी छिर्ने देखि राति खारिसम्म को सडक खण्ड | २५ | |
| ५ | खाडेखोलादेखि वडा नम्बर ९ को सिमानासम्म सडक खण्ड | २५ | |
| ६ | खाडेखोलादेखि खेलमैदान हुँदै सिमाना बजारसम्म सडक | २५ | |
| ७ | घारी चौपारीदेखि पुरनडापसम्म सडक | २५ | |
| ८ | पैयाँचौर देखि राताटामाटा लामाचौर सडकखण्ड | २५ | |

| | | | |
|---|---|---|---|
| ९ | आग्रालीदेखि चौपारी(चौफारी)सम्म सडक खण्ड | २५ | |
| १० | गोफ्लेचौर चोकदेखि बालउपकार आधारभूत विद्यालय हुँदै पुरनढापसम्म सडकखण्ड | २५ | |

## वडा नं..८

| |
|---|
| क. **ओधोगिक क्षेत्र** |
| उल्लेखित वडामा कुनै पनि ओधोगिक क्षेत्र नभएको । |
| ख. **बन क्षेत्र** |
| उच्च ठामुरकोट सामुदायिक वन, झुलाखानी बाहुनी खोला सामुदायिक वन, हल्लेरी सामुदायिक वन, बुरेली सामुदायिक वन, भरारे सामुदायिक वन, तिनपाने सामुदायिक वन खण्ड 'क' र 'ख' |
| ग. **खानी तथा खनिज क्षेत्र** |
| उल्लेखित वडामा कुनैपनि खानी तथा खनिज क्षेत्र नभएको । |
| घ. **नदी खोला तथा सिम्सार क्षेत्र** |
| हाँसी काटी खानेपानी कोठमौला, तिल्चा खोला, शारदा खोला |
| ङ. **सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| दारे मष्ट खत्रीको कुल पूजा मन्दिर, कालिका देवी भगवती कोठमौला, छरेपानी कृष्ण मन्दिर कोटमौला, कालिका भगवती मन्दिर बाहुनथला, जन्ती ढुङ्गा, ऐतिहासिक रानीपोखरी, सुवाकोटी कुल मन्दिर सिमानाधुर, भीमसेन कुल मन्दिर शान्तिनगर, भैरव मन्दिर भैरवटोल,वासठाना कुल पुजा मन्दिर, केराठाना कुल पूजा मन्दिर, तिरुवा जाती को कुल पुजा मन्दिर, रोल्पाकोट दरबार, छरेपानी कृष्ण मन्दिर, बहुनाथाना फुलपाथि भित्र्याउने ठाउँ |
| च. **सार्वजनिक उपयोगका क्षेत्र** |
| वडा नं. ८ को सभाहाल, पोखरा नेटा चौतारा, कालिका मा.वि. कोटमौला, सरस्वती सदन आधारभूत विद्यालय गैरागाउँ, जयकाली आ.वि. खत्री गाउँ, शहिद राजेन्द्र पार्क, गाउँघर क्लिनिक गोरानेटा, बुरेली सामुदायिक वन कार्यालय भवन, स्वास्थ्य चौकी कोटमौला, कोटमौला खेलकुद मैदान नाउलाचौर, जीबन ज्योति आधारभूत विद्यालय गैरीबिसाउने, कोटमौला गा. वि. स. भवन (पुरानो), योगी जातिको समाधि स्थल (मसान घाट), शारदा आ.वि. रानिसल्ला, हलेनी गाउँघर क्लिनिक विउरेखोला तिल्चा, पिकनिक स्पट तीनपाने, झाँक्री मसनघाट स्यानीपोखरी, कमलपोखरी चौतारी, बिउरेखोला चौराडीक मसानघाट, जङ्गरा मसान घाट, आरुबोट मसान घाट, शान्ति नगर खेल मैदान, शारदाखोला दोभान मसान घाट |
| छ. **व्यवसायिक क्षेत्र** |
| सहित राजेन्द्र पार्क मोड बाट मदन भण्डारी राजमार्ग अन्तर्गत पर्ने पार्क मोडको ५० मिटरको अर्धब्यासमा गोर्नेटादेखि ठाकुरटोल जाने बाटोसम्म सडकको दायाँबायाँ ७५ मिटर, वडा नं. ८ को कार्यालय |
| ज. **कृषि क्षेत्र** |
| उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र |
| झ. **आवासिय क्षेत्र** |

| क्र स | सडकको नाम | बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा | कैफियत |
|---|---|---|---|
| १ | सहित राजेन्द्र पार्क देखि खत्री गाउँ हुँदै गोरेटा सम्म सडकको | ७५ | |
| २ | ठाकुरटोल जाने बाटो देखि पोखरा नेटा मोड सडकसम्म खण्डको | ७५ | |

बागलुङ नगरपालिकाको प्रयोग कार्यविधि, २०

| | | | |
|---|---|---|---|
| ३ | पोखरा नेटा मोड देखि बाहुनथाना चोक सम्म सडकको | ७५ | |
| ४ | बाहुन थाना चोक देखि गैरी बिसाउने (जीवनज्योति आधारभूत विद्यालय नजिक) सम्म सडकको | ५० | |
| ५ | दरबार चोक देखि शान्तिनगर सम्म सडक खण्डको | ३० | |
| ६ | कोटमौला चोक देखि कमलपोखरी सम्म सडकको | ३० | |
| ७ | शारदा आधारभूत विद्यालय रानीसल्ला देखि रानीसल्ला चोक सम्म सडकको | ३० | |
| ८ | बिउरे खोला आरुबोट देखि शारदाखोला (वडा नं. २ र ८ को सिमाना) सम्म सडकको | ३० | |
| ९ | ठाकुर गाउँ जाने बाटो देखि सुपारी गाउँ सम्म सडक खण्डको | ३० | |

## वडा नं..९

| |
|---|
| क. **ओधोगिक क्षेत्र** |
| उल्लेखित वडामा कुनै पनि ओधोगिक क्षेत्र नभएको । |
| ख. **बन क्षेत्र** |
| विभिन्न शीर्षकमा वन क्षेत्र भनि छुट्टाएका साबिका सम्पूर्णवन क्षेत्रहरू |
| ग. **खानी तथा खनिज क्षेत्र** |
| उल्लेखित वडामा कुनैपनि खानी तथा खनिज क्षेत्र नभएको । |
| घ. **नदी खोला तथा सिम्सार क्षेत्र** |
| हाँसी काटी खानेपानी कोठमौला, तिल्चा खोला, शारदा खोला |
| ङ. **सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| स्यानी पोखरी सिद्धगुफा मन्दिर, मखलाम टाकुरी सिद्ध मन्दिर, बगेश्वरी कुल मन्दिर धामीढुङ्गा, शिव मन्दिर पातीहाल्ने, बराह क्षेत्र मन्दिर तीनपाने, गुडगाउँ भगवती मन्दिर गुडगाउँ, बगेश्वरी कुल मन्दिर डाँगीगाउँ, भगवती कुल मन्दिर लिहुरेबारी, शिव मन्दिर जोखाटाकुरा, ब्रहा मन्दिर धनबोट, भगवती मन्दिर कमलपोखरी, हरिपुर भगवती मन्दिर, खोरबारे भगवती मन्दिर, गोठाघर भगवती मन्दिर, ढकाल कुल मन्दिर, जुम्लीठाना पर्यटकीय स्थल |
| च. **सार्वजनिक उपयोगका क्षेत्र** |
| सहित पार्क पलाटनचौर, श्री शिशु जागरण मा.वि. खोरबारे, आधारभूत स्वास्थ्य सेवा केन्द्र खोरबारे, वीरेन्द्र आधारभूत विद्यालय, बाल जागरण आधारभूत विद्यालय कमलपोखरी, श्री सूर्य प्रकाश आधारभूत विद्यालय कुयापानी, श्री बाल उपकार आधारभूत विद्यालय मौरीघारे, मखलन जनजागरण चौभट्टे सामुदायिक वन कार्यालय भवन, श्री सूर्योदय आधारभूत विद्यालय खुर्सु, श्री बाल किरण आधारभूत विद्यालय धामीढुङ्ग, श्री बाल सन्देश आधारभूत विद्यालय बथान, खानेपानी तथा सरसफाई समूह कार्यालय भवन बथान, अस्थायी प्रहरी चौकी पातिहाल्ने, प्रितिकोट घाट हेरेटकुरा, बाघकोट धुरी प्रतिक्षालय,समाला पोखरा चौतारी, तीन बिसाउने प्रतिक्षालय, पानीपाखा सामुदायिक वन कार्यालय भवन धनबोट, चाराखोला खेल्ने मैदान, गाउँघर क्लिनिक तिल्चाखोला, लोकतान्त्रिक आधारभूत विद्यालय लिउरेबरी, फारुल्ला खोला मसनघाट, हल्लेरी सामुदायिक वन भवन, जलेखर्क गाउँघर क्लिनिक, पुवाखोली सामुदायिक वन भवन, किल्लुगारे मुर्दाघाट प्रतिक्षालय, काउलाबोट मुर्दाघाट प्रतिक्षालय |
| छ. **व्यवसायिक क्षेत्र** |

खोरबारे बजार( शिशु जागरण माध्यमिक विद्यालय नजिक) देखि फत्येमोड (मेहरमान डाँगीको घर नजिक) सम्म सडकको दायाँबायाँ २०० मिटर, जलेखर्क बजारको २०० मिटर वरपर, पातीहाल्ने बजारको २०० मिटर वरपर, पोखरी बजारको २०० मिटर वरपर, धामीढुङ्गा देवीको वरपर ५० मिटर, कुयापानी टाकुरा (सूर्यप्रकाश विद्यालय नजिक) वरपर १०० मिटर, तीचाखोला (गाउँघर क्लिनिक नजिकको) वरपर १०० मिटर, परिलेख पिङ खेल्ने डाँडाको वरपर ५० मिटर, सिमाना बजार (वडा नं. ८ र ९) को वरपर १०० मिटर, कमलपोखरी (बालजागरण विद्यालय नजिक) वरपर १०० मिटर, बसपाक चोकदेखि डम्पिङ साइड हुँदै ठिङ्गवाङ खोलासम्म सडकको दायाँबायाँ १०० मिटर, वडा नं ९ को कार्यालय

ज. **कृषि क्षेत्र**

उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र

**झ. आवासिय क्षेत्र**

| **क्र स** | **सडकको नाम** | **बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा** | **कैफियत** |
|---|---|---|---|
| १ | फत्तेमोड देखि जलेखर्क बजारसम्म सडकको | १०० | |
| २ | फत्तेमोड देखि बथान समूह भवन समूह सडकको | ३० | |
| ३ | बथान समूह भवनदेखि धामीढुङ्गा डेरीसम्म सडकको | २५ | |
| ४ | वडा नं. ८ र ९ को सिमाना बिजुली बजार देखि खोरबारे बजार हुँदै धामीढुङ्गा, कुयापानी, परिलेख सम्म सडक खण्डको | ५० | |
| ५ | रानीपोखरी देखि जलेखर्क पाती हाल्ने बजारसम्म सडक खण्डको | १०० | |
| ६ | माथि उल्लेखित आवासीय तथा व्यावसायिक क्षेत्र बाहेक अन्य सडक खण्डको | २० | |

## वडा नं..१०

क. **ओधोगिक क्षेत्र**

उल्लेखित वडामा कुनै पनि ओधोगिक क्षेत्र नभएको ।

ख. **बन क्षेत्र**

शिव गुफा सामुदायिक वन, शिभ पोखरी सामुदायिक वन, पिपल चौतारी सामुदायिक वन, जनकल्याण सामुदायिक वन, सिमापानी सामुदायिक वन , स्यालदुला सामुदायिक वन, शिवजन सामुदायिक वन, सुतार्ने सामुदायिक वन, मैनाडाँडा सामुदायिक वन, धारापानी कोइलि सामुदायिक वन

ग. **खानी तथा खनिज क्षेत्र**

उल्लेखित वडामा कुनैपनि खानी तथा खनिज क्षेत्र नभएको ।

घ. **नदी खोला तथा सिम्सार क्षेत्र**

शारदा खोला, धोबा खोला, मोख्ला खोला

ङ. **सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र**

शिव गुफा मन्दिर मोख्ला, धिताल गाउँ मन्दिर, राँगाले हानेको ढुङ्गा मोख्ला

च. **सार्वजनिक उपयोगका क्षेत्र**

पिपल नेटा स्वास्थ्य चौकी पिपल नेटा, महेन्द्र मा.वि. पिपलनेटा पुरानो वडा कार्यालय, सरस्वती आ. वि. भाटभिटे, गाउँघर क्लिनिक भाटपिटे, महिला विकास भवन भाटभिटे, शितला आ. वि. चयालगाउँ, जनता आ. वि. स्यालागाउँ, शारदा आ. वि. मोख्ला, भूमेश्वर मेला लाग्ने मैदान, धुर्वतारा आ. वि. आफुल्ला, जेष्ठ नागरिक मिलन केन्द्र पिपलनेटा,

| |
|---|
| जनकल्याण सामुदायिक वन भवन , शिवपोखरी सामुदायिक भवन भाटभिटे, सहिद पार्क भाटभिटे, मोख्ला मसान घाट, वालुवा मसान घाट, रानिघातको धोपाघाट, ठुलाखोला घाट, धारापानी समाधि स्थल |
| छ. **व्यवसायिक क्षेत्र** |
| मोख्ला खोला पुलदेखि सुलीमारे सम्म सडक खण्डको दायाँबायाँ ६० मिटर<br>टाँट्क्या सल्लोदेखि खरखरे हुँदै चिसापानी चोकसम्मको सडक खण्डको दायाँबायाँ ६० मिटर, , वडा नं. १० को कार्यालय |
| ज. **कृषि क्षेत्र** |
| उल्लेखित क्षेत्र बाहेक रहेको अन्य सबै जग्गा हरु कृषि क्षेत्र |
| झ. **आवासिय क्षेत्र** |

| **क्र स** | **सडकको नाम** | **बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा** | **कैफियत** |
|---|---|---|---|
| १ | सुलीमारे देखि दुबेलिचौर चोक, पल्लो दुबेलिचौर चोक (पोखरी), सरस्वती आधारभूत विद्यालय हुँदै दुबेलिचौर चोकसम्म सडक खण्डको | ५० | |
| २ | सरस्वती आधारभूत विद्यालयदेखि लाकुरबोट भाटभिटे, चालपोखरी चोक हुँदै एक्ले सल्लोसम्म सडक खण्डको | ५० | |
| ३ | चिसापानी चोक देखि काप्रा बोट हुँदै वडा नं. ८ र १० को सिमानासम्म सडक खण्डको | ५० | |
| ४ | काप्रा बोटदेखि पाती हाल्ने चोक हुँदै टोट्के सल्लोसम्म सडक खण्डको | ५० | |
| ५ | शीतला आधारभूत विद्यालय देखि गोरेटो बाटो हुँदै दुवा पिपलबोटसम्म सडकको | ५० | |
| ६ | चिसापानी चोकदेखि खलटाकुरी खोला सम्म सडकको | ३० | |
| ७ | खरखेरे देखि बोझा खोला, खोर्प्या खोला हुँदै ठूला खोला सिमानासम्म सडकको | ५० | |

## वडा नं..११

| |
|---|
| क. **औधोगिक क्षेत्र** |
| उल्लेखित यस वडामा कुनैपनि औधोगिक क्षेत्र नभएको |
| ख. **सार्वजनिक उपयोगको क्षेत्र** |
| ढ्याप अन्त्यष्टि स्थल, ओराल ढुङ्गा अन्त्यष्टि स्थल,फालहाल्ने अन्त्यष्टि स्थल, सरस्वती आ.भू विघालय,श्री शिशु कल्याण मा.वि.,वडा नं. ११ को कार्यालय , जनमुखी आ.भू विघालय, कालिका आ.भू विघालय |
| ग. **खानी तथा खनिज क्षेत्र** |
| उल्लेखित यस वडामा कुनैपनि खानी तथा खनिज क्षेत्र नभएको |
| घ. **वन क्षेत्र** |
| सिमतारा, टाकुरा खोली ,जटिलपाखा , रोशनीपाखा सुनदारीपाखा,शान्तिपोखरी सामुदायिक वन। |
| ङ. **सास्कृतिक तथा पुरातात्त्विक** |
| बर्मा थान मन्दिर, कालिका र शिव मन्दिर(डलसिङ्गे खोली),तिखेधुरी मन्दिर,सिद्धथान मन्दिर,बार्हकुना वराह मन्दिर,कालिमाटी थान,दुर्गा भगवती माई मन्दिर, मेल्यको वराह पुज्ने मन्दिर,मष्ये मन्दिर,सिद्धथान मन्दिर |

| | | | |
|---|---|---|---|
| च. **नदी खोला ताल सिमसार क्षेत्र** | | | |
| सिम र गलखोला सामुदायिक वन | | | |
| छ. **कृषि क्षेत्र** | | | |
| उल्लेखित क्षेत्र बाहेकका अन्य बाकी सबै कृषि क्षेत्र | | | |
| ज. **व्यवसायिक क्षेत्र** | | | |
| डलसिगें खोला देखि जंगले खोली सम्म सडकको दायाँबायाँ १०० मिटर सम्म | | | |
| टिकारामको घर (पातिहाल्ने ) देखि वेमोहान्ने खोला सडकखण्डको दायाँबायाँ १०० मिटर | | | |
| गौरो फाल्ने देखिवडा नं. ११को सीमाना सम्म सडकखण्ड (पातिहाल्ने बजार ) दायाँबायाँ १०० मिटर | | | |
| खागले खोली देखि चौक्या ढुङ्गा सम्म सडकखण्डको दायाँबायाँ ५० मिटर | | | |
| झ. **आवासिय क्षेत्र** | | | |
| **क्र स** | **सडकको नाम** | **बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा** | **कैफियत** |
| १ | डल्लेसिंगे खोली देखि स्यानी डलसगै खोली सम्म सडक | १०० | |
| २ | चुरे खोली देखि पातिहाल्ने (टिकारामको घर) सम्म सडक | १०० | |
| ३ | स्यानी डलसिंगे खोली देखि चुरे खोली सडक | १०० | |
| ४ | बेजो फाल्ने देखि गौरो फाल्ने सडक | १०० | |
| ५ | पातिहाल्ने बजार देखि श्री शिशुकल्याण मा.वि सम्मको सडक | १०० | |
| ६ | श्री शिशुकल्याण मा.वि देखि तारसे गैरी (धनबहादुर को घरनजिक) सडक | १०० | |
| ७ | आसी उधाउने देखि स्याने खोली (राउटे बस्ने) सडक खण्ड | १०० | |
| ८ | छिटोहाल्ने खोली (गोगन खोली) देखि जुम्लाया सल्ली सम्म सडक | ५० | |
| ९ | छराया खोला देखि खागल खोली सम्म सडक खण्ड | ५० | |
| १० | चौम्या ढुंगा देखि जुत्ता छराउने (दोबाटो) सम्म सडक | ५० | |
| ११ | डल सिगें खोली देखि डागी मोर सम्मको सडक खण्ड | ५० | |
| १२ | डांगी मोर देखि वडा नं. ११ को सिमाना सम्मको सडक खण्ड | ५० | |
| १३ | स्यालपारे देखि स्याला सम्मको सडक खण्ड | ५० | |
| १४ | हाडेकापल देखि (जनमुखि विघालयको बाटो ) देखि वडा नं. ६ र ११ को सिमाना (भुनाई खोली ) सम्मको सडक | ५० | |
| १५ | काफ्ले गैरी देखि बुढा काफल सम्मको सडक खण्ड | ५० | |
| १६ | बलियाजुरा (वडा नं. ११ र १२ को सीमाना ) धोतीधारे सम्मको सडकखण्ड | ५० | |

## वडा नं..१२

| |
|---|
| क. **औधोगिक क्षेत्र** |
| उल्लेखित वडामा कुनै पनि ओधोगिक क्षेत्र नभएको । |
| ख. **सार्वजनिक उपयोगको क्षेत्र –** |
| बापुखोला स्वास्थ्य चौकी,वडा नं. १२ को कार्यालय ,श्री दुर्गा सरस्वती मा.वि.,जनहित आधारभुत विघालय,बाल जाग्रित आ मा वि,बालकल्याण आधारभूत विघालय,गाउँवेसी आधारभूत विघालय |
| ग. **साँस्कृतिक तथा पुरातात्त्विक क्षेत्र** |

| |
|---|
| उमादेशी वर्मा पानीडल मन्दिर,माईभगवती मन्दिर,सिद्ध चौरासी मन्दिर,शिवमन्दिर,कालो सिद्ध  मन्दिर,अर्घासिद्घ मन्दिर ,वराह मन्दिर ,उमादेशि मन्दिर,सिद्ध मन्दिर,अगुलधुरी मन्दिर, एम्ल्यावराह मन्दिर, भालुकंवर सिद्ध मन्दिर |
| घ. **वन क्षेत्र** |
| खहरे सल्यान सामुदायिक बन ,खबर सल्यान सामुदायिक बन |
| ङ. **खानि तथा खनिज क्षेत्र** |
| उल्लेखित वडा नं.. १२ मा कुनै पनि खनिज तथा खानि क्षेत्र नभएको |
| च. **नदी खोला ताल सिमसार क्षेत्र** |
| बाफुखोला |
| छ. **कृषि क्षेत्र** |
| उल्लेखित क्षेत्र बाहेक अन्य बाकी सबै कृषि क्षेत्र |
| ज. **व्यवसायिक क्षेत्र** |
| पन्चासे खोला देखि देउपुरी डाडा सम्मको दायाँबायाँ १०० मिटर |
| भयारथान देखि दमदमे सम्म सडकको दायाँबायाँ १०० मिटर |
| खकै खोली देखि कुन्तरा सम्म सडकको दायाँबायाँ ५० मिटर |
| पुजारे खोली देखि स्याउले बजार सडक खण्ड को दायाँबायाँ ५० मिटर |
| झ. **आवासिय क्षेत्र** |

| क्र स | सडकको नाम | बाटोको बिच भाग देखि दाँया बाँया पर्ने जग्गा मिटरमा | कैफियत |
|---|---|---|---|
| १ | देउपुरी डाडा देखि भयरथान डाडा सम्मको सडक | १०० | |
| २ | दम्दमे देखि दर्का सम्मको दोरया खर्क डाडापरे सम्मको सडक | ५० | |
| ३ | लप्का(दवारे खोली ) देखि खकै खोली सडक | १०० | |
| ४ | कुन्तरा देखि पुजारे खोली सडक | १०० | |
| ५ | स्याउले देखि वडा नं. १२ को सीमाना सम्मको सडक | ५० | |
| ६ | स्याउले बजार देखि पानीढल छेरा सडक | १०० | |

**१५**. व्यवसायिक तथा आवास क्षेत्र बाहेकका छरिएर रहेका घरधुरिलाई उपयुक्तता विश्लेषण (Suitability Analysis) गरि एकिकृत गर्ने र बाहिरबाट बसाईसराई गरेर आउनेहरुलाई उपयुक्त हुने गरी उचित ठाँउ छानेर सम्पुर्ण सेवासुविधा पुर्याई नमुना बस्ती बिस्तार गर्ने र पर्यटकिय गन्तव्य (Tourist Destination) को रुपमा अघि बढाउने र बाँकी क्षेत्रमा Large Scale मा कृष उत्पादनमा जोड गरी कृषि र पशुपालन पकेट क्षेत्र कायम गर्ने ।

**१६.** जग्गाको मूल्य निर्धारण गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिईनेछ साथै कृषि तथा पशुजन्य उत्पादन क्षेत्रमा नगरपालिका बाट दिईने सेवा सुविधाको दायरा बढाईनेछ ।

**१७.** जग्गा वर्गिकरण गरि नापि नक्सालाइ भूउपयोग नकसामा खष्टाउदा  कुनै कित्ता दुई वा दुई भन्दा बढी क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकता क्रम बमोजिम एक क्षेत्रमा बर्गीकरण गर्ने ।

क. व्यवसायिक क्षेत्र
ख. आवासीय क्षेत्र
ग. कृषि क्षेत्र
घ. सार्वजनिक उपयोगको क्षेत्र

**१८. मापदण्डको संशोधनः** भू-उपयोग परिषद्को सिफारिसमा नगरकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१९. बाधा अड्काउ :** यस मापदण्ड कार्यान्वयनमा कुनै समस्या आएमा भू-उपयोग परिषद्ले वाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची —२

## (दफा १६ को उपदफा (३) संग सम्बन्धीत

## <u>भूउपयोग क्षेत्र परिवर्तन गर्नको लागि दिने निवेदनको ढाँचा</u>

श्री ....................................... मितिः...................

श्री बागचौर भूपयोग परिषद बागचौर नगरकार्यपालिकाको कार्यालय,

सल्यान,

विषयः भू-उपयोग क्षेत्र परिवर्तन गरी पाउँ ।

महोदय,

मेरो/हाम्रो हकभोगमा बागचौर नगरपालिका वडा नं.......... स्थित.....................मा रहेको किता नम्बर............को.......................... क्षेत्रफल भएको जग्गा भूउपयोग ऐन, २०७६ बमोजिम..................... क्षेत्रमा वर्गीकरण भएकोमा देहायको आधार र कारणले................................ भूउपयोग क्षेत्रमा परिवर्तन गर्न निम्न कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु /छौं ।

**<u>आधार र कारणः</u>**

(१)

(२)

(३)

**<u>निवेदक</u>**

दस्तखतः

नामथरः

ठेगानाः

मोवाइल नं.:

संस्था भए दर्ता प्रमाणपत्र नं.:

व्यक्ति भए नागरिकता प्रमाणपत्र नं., जारी जिल्ला र मितिः

**<u>संलग्न कागजात</u>**

(क) नागरिकताको प्रमाणपत्र संस्था दर्ता प्रमाणपत्रको छायाप्रति ।

(ख) भूउपयोग क्षेत्रमा वर्गीकरण भएको व्यहोरा खुल्ने कागजातको छायाप्रति ।

(ग) जग्गाधनी प्रमाणपुर्जा ।

(घ) नक्सा÷ट्रेस नक्सा ।

बागचौर नगरपालिकाको भू-उपयोग कार्यविधि, २०८१